
'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ७२ शुक्रवार २३ कार्तिक, २०८१ 08 (Friday) November 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### वन्यजन्तुको असुरक्षा र दुर्गन्ध फैलिएका कारण
## काँक्रेविहार संरक्षण क्षेत्रभित्र वनभोज र रमाइलो गर्न बन्देज

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/२२



सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिका-९ मा रहेको पर्यटकीय तथा पुरातात्विक स्थल काँक्रेविहार संरक्षण क्षेत्रभित्र वनभोज खान तथा रमाइलो गर्न बन्देज लगाइएको छ । डिभिजन वन कार्यालय सुर्खेतले यसै हप्ता एक सूचना जारी गरी संरक्षण क्षेत्रभित्र बनभोज खाने रमाइलोको लागि होहल्ला गर्ने गरेका कारण वन्यजन्तुको असुरक्षा बढ्दै गएको, दुर्गन्ध फैलिएको तथा होहल्ला बढ्ने भएकाले अबदेखि वनभोज खान तथा रमाइलो गर्न पूर्ण रुपमा बन्देज लगाएको जमनकारी गराएको छ । काँक्रेविहारमा वनभोज तथा भोजभतेर गर्ने चलन पहिले देखि नै थियो । काँक्रेविहार संरक्षित क्षेत्रभित्र हुने वनभोज तथा अन्य कार्यक्रमले हुन जाने होहल्ला जस्ता गतिविधिले वन्यजन्तु त्रसित हुने तथा जैविक विविधतामा नकारात्मक प्रभाव पर्ने भएकाले त्यस्ता गतिविधिहरु अप देखि सो क्षेत्रमा पूर्ण रूपमा बन्देज लगाइएको जनाइएको छ । सूचनालाई अटेर गरी त्यस्ता गतिविधि गरेमा वन ऐन २०७६ बमोजिम कारबाही गर्ने चेतावनी समेत डिभिजन वन कार्यालयले जनाएको छ । कार्यालयका डिभिजनल वन अधिकृत वसन्तबाबु श्रेष्ठले भने, ' विगतदेखि नै काँक्रेविहार क्षेत्रमा वनभोज गर्ने, पार्टी गर्ने जस्ता होहल्ला हुने गतिविधि माथि रोक लगाउन स्थानीय तथा सरोकारवालाहरुबाट आवाज उठेको र अहिले स्थानीय तह तथा वडा कार्यालयसँग समन्वय गरी रोक लगाउने निर्णय गरिएको हो ।' काँक्रेविहार संरक्षित क्षेत्र नेपालकै पहिलो संरक्षित वन हो । संरक्षित वन क्षेत्रभित्र वनभोज जस्ता जैविक विविधतामा असर पुग्ने कुनै पनि गतिविधि गर्न पाइँदैन । वीरेन्द्रनगर नगरपालिका र वडा नं. ९ सँग समन्वय गरी वनभोज र भोजभतेर जस्ता गतिविधि माथि बन्देज लगाउने निर्णय गरिएको श्रेष्ठले जानकारी दिए । काँक्रेविहारमा वनभोज खान बन्देज लगाउने भन्दै गत साउन महिनामा वनभोज स्थलमा वृक्षारोपण गरिएको थियो । विभिन्न जडीबुटी तथा घाँस प्रजातिका बिरुवा रोपिएको थियो । डिभिजनल वन अधिकृत श्रेष्ठले काँक्रेविहार क्षेत्रमा आगामी वर्षसम्म वनभोजमा रोक लगाउने निर्णय गरिएको हो । श्रेष्ठले थपे, 'अबदेखि काँक्रेविहार संरक्षण क्षेत्रभित्र वनभोज तथा पार्टी गर्न, होहल्ला गर्न तथा जैविक विविधतामाथि नकारात्मक प्रभाव पर्ने कुनै पनि गतविधि गर्न पाइने छैन ।' १७६.७७ हेक्टर क्षेत्रफलमा फैसलएको काँक्रेविहारलाई नेपाल सरकारले विसं २०५९ वैशाख ३० गते नेपालकै पहिलो संरक्षित क्षेत्र घोषणा गरेको थियो।

बाँकी ३ पेजमा...

## नेपालगञ्जमा वैकुण्ठधाम आध्यात्मिक महोत्सव शुरु

नमस्ते समचारदाता
बाँके, कार्तिक/२२




नेपालगञ्जमा बिहिबारबाट वैकुण्ठधाम आध्यात्मिक महोत्सव सुरु भएको छ । बाँकेको डुडुवा गाउँपालिका-५ राप्ती नदीस्थित सिधनियाघाटमा व्यवस्थित, सुविधायुक्त र आधुनिक दाहसँस्कार गर्ने घाट सहितको संरचना 'सिधनियाघाट वैकुण्ठधाम' निर्माण गर्ने उद्देश्यका साथ वैकुण्ठधाम आध्यात्मिक महोत्सव आयोजना गरिएको बताइएको छ । नेपालगञ्जको रामलिला मैदानमा सुरु भएको महोत्सवमा वाचन शिरोमणि पण्डित दीनबन्धु पोखरेलले कथा वाचन गर्नेछन् । सो आध्यात्मिक महोत्सव कार्तिक ३० गतेसम्म सञ्चालन हुने मूल समारोह समितिका संयोजक डा. सुरेश कुमार कनोडियाले जानकारी गराए । बाँके र यस आसपासका नागरिकले वर्षौदेखि आफन्तहरुको मृत्यु पश्चात दाहसंस्कार गर्दा भोगुपरेको समस्या र दाहसंस्कार मा सहभागीहरुले ब्यहोर्नुपरेको दुःखलाई मध्यनजर गर्दै परिकल्पना गरिएको वैकुण्ठधाम निर्माण गर्न सहयोग जुटाउने उद्देश्यले आध्यात्मिक महोत्सव आयोजना गरिएको संयोजक कनोडियाले बताए । कनोडियाका अनुसार महोत्सवलाई व्यवस्थित बनाउन सबै वर्ग, क्षेत्र, धर्म र समुदायलाई समेटेर करिब २ हजार भन्दा सदस्य रहेको मूल समिति र त्यस अन्तर्गत रहने गरी १ सय १० भन्दा बढी उपसमितिहरु समेत गठन गरिएको छ । महोत्सवस्थल रामलिला मैदानबाट झाँकीसहित शोभा कलशयात्रा निकालिएको थियो । शोभा कलशयात्रा रामलिला मैदानबाट सुरु भई भेरी अस्पताल, गणेशमान चोक, विपी चोक, धम्बोजी, सेतु बिक चोक हुँदै त्रिभुवन चोक, रानी तलाउ भएर पुनः रामलिला मैदानमा पुगेको थियो । विभिन्न जातजाति, भाषा, धर्म र सम्प्रदायको झाँकीसहित कलशयात्रा गरिएको थियो ।

## सडक बीचको विरुवा काट्ने भुसाल ३ महिना पछि पक्राउ

नमस्ते समचारदाता
कोहलपुर, कार्तिक/२२



कोहलपुर नगरपालिका-१० रामनगर स्थित दुई लाइन सडकको बिच भागमा नगरपालिकाले रोपेका बिरुवा काट्ने व्यक्तिलाई प्रहरीले ३ महिना पश्चात पक्राउ गरेको छ । पक्राउ पर्नेमा कोहलपुर नगरपालिका-१० रामनगरका लक्ष्मी प्रसाद भुसाल रहेका छन् । भुसाललाई इलाका प्रहरी कार्यालय कोहलपुरको टोलीले पक्राउ गरेर अनुसन्धान सुरु गरेको छ । बीच सडकमा रहेका बिरुवामा बाँधेको गाईको दाम्लो नगर प्रहरीले काटेर गाई छाडिदिएको झोँकमा बीच सडकमा हुर्किसकेका ५ वटा स्वामीका बिरुवा भुसालले गत भदौ २४ गते राती आराले काटेर ढलाएका थिए । बिरुवा काटिएको खबर पाएपछि राति नै इलाका प्रहरी कार्यालय कोहलपुर, नगर प्रहरी र जनप्रतिनिधि सहितको टोली घटनास्थलमा पुगेर घटनाको अध्ययन गरेको थियो । घटनाको अध्ययन पश्चात भुसालले ती बिरुवा काटेको पत्ता लागेको थियो । भुसालले बिरुवा काट्दै गरेको सिसिटिभी फुटेज समेत प्रहरीले फेला पारेको थियो। यस्तो अवाञ्छित कार्य गर्ने व्यक्तिलाई तत्काल पक्राउ गरेर कारबाही गर्न कोहलपुर नगर प्रहरीले इलाका प्रहरी कार्यालय कोहलपुरमा जाहेरी दिएको थियो । तर, भुसाललाई पक्राउ गर्न डिभिजन वन कार्यालय बाँकेले प्रहरीलाई तत्काल अनुमति नदिएका कारण पक्राउ गर्न नसकेको र हाल अनुमति अनुमति दिएको पक्राउ गरिएको प्रहरीले जनाएको छ । वनको अनुमति पाएसँगै भुसाललाई कार्तिक २० गते पक्राउ गरिएको कोहलपुर प्रहरीले जनाएको छ । नगर प्रहरी प्रमुख वीरबहादुर थापा भुसाल माथि गरिएको कारबाहीले अन्य व्यक्ति समेतलाई गलत काम गर्न हुँदैन भन्ने शिक्षा मिलेकाले कोहलपुर नगरपालिकाको हरित नगर अभियानमा अन्यले पुऱ्याउन सक्ने क्षतीको जोखिम कम हुने बताए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७८०७५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ


# सम्पादकीय

## कृषिमा क्रान्ति बोलेर होइन काम गरेर हुन्छ

नेपालमा धेरै जसो नेताहरु अब नेपालमा कृषि क्रान्ति गरेर समाजवाद ल्याउने भाषण गर्छन् । वास्तवमा कृषि क्रान्ति के लाई भनिन्छ भन्ने पनि उनीहरुलाई थाहा छैन कि जस्तो लाग्छ उनीहरुको ब्यवहार हेर्दा त । कृषि भन्ने वित्तिकै जमिन, जल र जंगल सँग घनिष्ट रुपमा जोडिएको पेशा हो । यो पेशामा लाग्न शारीरिक श्रम गर्नै पर्दछ । शारीरिक श्रम गर्न नसक्ने मानिसको पेशा कृषि पेशा हुन सक्दैन । हाल नेपालमा जो जो व्यक्तिहरुले कृषि क्रान्तिको भाषण गर्छन् सायद उनीहरु जल, जमिन र जंगल सँग जोडिएको शारीरिक श्रम गर्दैनन् । कृषिजन्य उत्पादनमा उनीहरुको कुनै भूमिका नै छैन । त्यस्ता व्यक्तिहरु कि त राजनीतिक बिचौलिया कि त कृषिमा बिचौलियाको काम गर्दछन् । वास्तविक रुपमा आफूले शारीरिक श्रम गरेर कृषि पेशालाई नअंगाल्ने मानिस किसान होइन । तर बिडम्बना ! नेपालमा कृषि कर्म नगर्नेहरु नै अधिकांश ठाउँमा किसानका नेता भएको देखिन्छ । नेपालमा अहिले पनि केही मानिसहरु आफ्ना बाबु–बाजेको पाला देखि गर्दै आएको परम्परागत ढंगको कृषि काम गरिरहेका छन्, जो आफ्नो परिवारको गुजारामूखी मात्र छ । त्यस्तो किसिमको कृषि कर्म गराईले उसको परिवारको गुजारा त चलेको छ तर राष्ट्रलाई संवृद्ध गराउन खासै भूमिका राख्दैन । आज भोली कतिपय बैदेशिक रोजगारमा गै कृषि पेशामा प्रविधियुक्त काम गरेर नेपाल फर्केकाहरु नेपालमा आधुनिक तरिकाले कृषि गरेर आफूले राम्रो आय आर्जन गरिरहेका छन् भने उनीहरुले केही मानिसहरुलाई रोजगारी पनि दिइरहेका छन् । कतिपय लामो समय सम्म जागिरे जीवन विताएकाहरु आफ्नो अवकास प्राप्त पछिको दिनचर्यालाई कृषि पेशामा रमाएर विताइरहेका छन् । उनीहरु आफ्नो आवश्यकताको गुजारालाई पुरा गर्नलाई मात्र होइन, व्यवसायी तरिकाले गाउँघरमा बाँझो परेको अरुको जमिन लिएर कृषिमा राम्रो आम्दानी मात्र गरिरहेका छैनन् । उनीहरु समाजमा अरुलाई पनि कृषिमा लाग्न प्रेरणाको श्रोत बनेका छन् ।

# मौलिकता जोगाउने चिन्ता

राकेशप्रसाद चौधरी




तराई, मधेश र मिथिलाञ्चल क्षेत्रमा भव्यताका साथ मनाइने छठपर्वको विस्तार राजधानी काठमाडौँ, देशको अन्य भूभागसँगै विदेशमा समेत भइसकेको छ । अमेरिकामा बसाइँ सरेका मात्र होइन खाडीमा श्रम गर्नेहरूले समेत छठ मनाउन थालेका छन् । मिथिला क्षेत्रका नागरिक जहाँ पुगेका छन्, त्यहाँ छठ मनाइन्छ । सनातन र वैदिक सूर्योपासना मिथिलावासीको संस्कृतिमा छठपर्वको नामले समेत स्वीकार गरिएको छ । छठमा सूर्य र उहाँकी पत्नी संज्ञालाई अर्घ्य दिइन्छ । लोक परम्परामा सूर्यपत्नीलाई सम्झामाइको नामले सम्बोधन गरिन्छ । देवतासँगै देवी अर्थात् शक्तिको पूजा गर्ने लोकपरम्पराकै कारण मिथिलाको लोकसंस्कृतिमा छठपर्वले महत्व पाएको छ । कात्तिक तथा चैत महिनाको शुक्ल षष्ठीको दिन यो पर्व मनाइने भएकाले छठीमाई तथा सूर्यषष्ठी भन्न थालिएको हो । अथर्ववेदीय परम्पराको सूर्योपनिषद्मा सूर्य र ब्रह्मबिचको अन्तर उल्लेख छ । यसमा स्तुति र उपासनाको फल बताइएको छ । सूर्य र आत्मालाई ब्रह्मको रूप मानिएको छ । सूर्यको प्रकाशले जगत्को उत्पत्ति, प्राणीको जन्म र आत्मलाई तेजत्व प्राप्त हुन्छ । यसले नै पञ्चतत्व (वायु, भूमि, जल, आकाश र तेज) उत्पन्न गर्छ । छठपर्व अर्थात् छठीमाईको उपासनामा पञ्चतत्वलाई प्रयोग गरिन्छ । जलको स्रोत इनार, पोखरी, नदी वा समुद्रको किनारमा खुला आकाशमुनि दीप जलाएर भूमिबाट उत्पादित सामग्रीको प्रसाद राखेर छठीमाईको उपासना हुन्छ । छठीमाईलाई प्रकृतिको छैठौँ अंश शक्तिको रूपमा पूजा गरिन्छ । यो पर्वमा कर्ममाण्डीय ब्राह्मणको आवश्यकता नहुने भएकाले यो पर्व लोक संस्कृतिकै एक अभिन्न अङ्ग मानिन्छ । यो पर्व नहायखायबाट सुरु भई खरना, षष्ठीको दिन छठीमाई र सप्तमीको दिन दीनानाथ अर्थात् उदाउँदो सूर्यलाई अर्घ्य दिएर चार दिनमा सम्पन्न हुन्छ । खरनामा मुख्यतः गृहदेव (घरको देवता) को पूजा हुन्छ । फरक फरक परिवेशमा यसको विधि पनि परिवर्तन हुने गरेको छ । पहिला उखुको रसबाट तयार भएको गुड र पानीमा गम्हरी धानको चामलले बनाइएको खीर प्रसादको रूपमा तयार गर्ने चलन थियो । यो लोक परम्परामा आधुनिकताले प्रवेश गरेको ठाउँमा गुडको ठाउँमा चिनी र पानीको ठाउँमा दुधको प्रयोगसँगै प्रसादमा परिवर्तन पनि भएको हुनसक्छ । खरनाको दिन ब्रतालले ग्रहण गरेको प्रसादपछि एकै पटक उदाउँदो सूर्यलाई अर्घ्य दिने र कथा सुनेर छठ समाप्त हुन्छ । त्यसपछि व्रतालुले भोजन गर्छन् । छठ सुरु हुनुभन्दा अगाडिदेखि व्रत बस्नेहरू लोकगीतको अभ्यास गर्ने क्रम हराएको भए पनि चार दिनसम्म पर्वको समयमा लोकगीत गाउने चलन कायम भने छ । छठीमाईलाई अर्घ्य दिई घर फर्केर पुनः अर्को प्रसाद तयार गरी उदाउँदो सूर्य अर्थात् दीनानाथलाई अर्घ्य दिने चलन सहरी क्षेत्रमा हराइसकेको छ । रातभर छठ घाटमै अर्घ्य राख्ने र बिहान चोखो प्रसाद राख्ने चलन भने यथावत् छ । कहीँ कहीँ घाटमै बिहानका लागि प्रसाद तयार गरिन्छ । गम्हरी धानको चामल सहजै पाउन मुस्किल हुने तथा अनलाइन बजारहरूबाट मगाउँदा/किन्दा अत्यधिक महँगो हुने भएकाले बजार र घरमा सहजै पाइने अन्य जातको धानका चामलबाट प्रसाद तयार हुने गरेको छ । अर्घ्यमा प्रयोग हुने ठकुवा र भुसवालगायत अकाश छुने नारिबल र जमिनमुनि फल्ने सखरकन्दसम्म प्रयोग हुन्छ । त्यसबाहेक अन्य फलफूल, उखु, सखरकन्द, सुथनी, अदुवा र हल्दीको बोट, मुङ्गफली, काँचो धागो तथा बोडी, मुलीसम्म चढाइन्छ । यसमा न्यूनतम र अधिकतम भन्ने हुँदैन । छठपर्वमा भूमि अर्थात् माटोको अत्यधिक महत्व छ । माटोको घैला, सरबी (घैलालाई छोप्न मिल्ने सानो माटोको कचौरा), ढकना, चौमुखी र एकमुखी दियो प्रयोग हुन्छ । भाकल पूरा भएकाहरूले माटोको हाथीमाथि राखिएको सानो घैलामा अर्घ्यको सामग्री राख्ने चलन छ । पहिलाको समयमा दियो र हाथी काँचो माटोको हुने हुँदा जल विसर्जन गर्दा माटोमै हराउँथ्यो । पानीमा विसर्जन गरिने माटोजन्य पक्की सामग्रीले भविष्यमा सम्बन्धित क्षेत्रको मानव संस्कृति र परम्परा अध्ययन गर्न सजिलो बनाउने भए पनि हाललाई प्रकृतिमैत्री नदेखिनु स्वाभाविक हो । माटोको घैला, सरबा, ढकना घरमा प्रयोग गर्ने भएकाले आगोमा पकाइएको पक्की प्रयोग हुन्थ्यो । अहिले माटोको ठाउँमा धातुको भाँडा, वर्तन प्रयोग हुन थालेको छ । बाँसबाट बनाइने सुपली, नाङ्लो, ढकिया, छिटीको प्रयोगमा समेत कमी आएको छ । छठपर्वमा माटोको हाथीमा अर्घ्य दिने परम्पराबारे त्यति धेरै चर्चा भएको पाइँदैन । हुन त मानव र हाथीको मित्रता र द्वन्द्व पुरानो हो । छठीमाईसँग गरेको भाकल पूरा भएपछि माटोको हाथी चढाउने परम्परा छ । इन्द्र देवताको वाहन ऐरावत हाथी हो । बिहानको समयमा हाथीको दर्शन शुभ मानिन्छ । हाथी शाकाहारी भएकोले उखु नखाने कुरै भएन । केही ठाउँमा छठ पूजाका लागि पाँच अथवा सात वटा उखुलाई ठाँडो पारेर घर जस्तो बनाएर मुनि माटोको हाथीमाथि रहेको कोसीमा अर्घ्य राख्ने चलन छ । सूर्यलाई सूर्य विनायक भनेर समेत सम्बोधन गरिने भएकाले सूर्य र हाथीको सम्बन्ध दर्शाउँछ । गणको नायक, गणेश, बाधा हटाउने, बुद्धदेव, गुरुसहितका लाई विनायक भनिन्छ । प्राचीन चित्रकलामा मानव र हाथीको प्रयोग भएको पाइन्छ । मिथिला लोकपरम्परा, संस्कृति र कलामा कुन कालखण्डदेखि हाथीको प्रतीक प्रवेश भयो भनेर बिना अध्ययन, अनुसन्धान ठोकुवा गर्न गाह्रो छ । सन् १६५८ मा लन्डनबाट प्रकाशित द हिस्ट्री अफ फोरफुटेड बिस्ट्स एन्ड सरपेनट्समा लेखक एडवर्ड टाँपसेलले सूर्य र चन्द्रमाको पूजा गर्ने प्राणी हाथी रहेको दाबी गर्नु भएको थियो । केही अनुसन्धानकर्ताले टाँपसेलको दाबी गलत रहेको भन्दै आएका छन् । श्रीमद्देवी भागवात पूराणमा ब्रह्माकी मानसपुत्री देवेसनालाई षष्ठीदेवीको रूपमा चर्चा गरिएको लेखक डा. पुष्पज रायको मत छ । स्कन्द पत्नी षष्ठीदेवीलाई सन्तानहीलाई सन्तान तथा निर्धनलाई धन प्रदान गर्ने देवीको रूपमा समेत प्रस्तुत गरिएको छ । उमामहेश्वर, लक्ष्मीनारायण जस्तै सम्झादीनानाथको पूजा हुने गरेको तर्क केही विद्वान्को छ । उहाँहरूले सूर्यपत्नीको रूपमा छठीदेवीलाई प्रस्तुत गरे पनि प्रमाणको अभाव छ । छठपर्वमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिने समयमा छठीमाई एवं सम्झामाईको नामले सम्बोधन गरिन्छ । मिथिलाञ्चल क्षेत्रमा अस्ताउँदो सूर्यलाई साक्षी राखेर शक्तिको पूजा गरिन्छ । अस्ताउँदो सूर्यको पुजा गर्ने लोकपरम्परा भएको भए सूर्यपत्नी छायाको पनि अवश्य पूजा हुन्थ्यो होला । मिथिलाञ्चलवासीले उस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गर्छ भन्ने भाष्य संशोधनको आवश्यकता छ । ब्रह्मपुराणमा सूर्यलाई एक हजार नामले सम्बोधन गरिएको छ । वेदहरूमा सूर्यका १४ पर्यायवाची नाम, महाभारतमा एक हजार आठ तथा ब्रह्मपुराणमा एक हजार नाम उल्लेख छ । मिथिला क्षेत्रमा पुजिने ऋषि याज्ञवल्क्यले सूर्यस्तोत्र रचना गर्नुभएको हो । याज्ञवलक्यको सम्बन्ध विदेह राजा जनकसँग रहेकोले तराई, मधेश र मिथिलाञ्चलका लागि सूर्योपासना पुराना धार्मिक पद्धतिभित्र पर्छ । छठ पूजाको लोकसंस्कृतिभित्र मूर्ति पूजा नरहे पनि केही ठाउँमा षष्ठी देवी (छठीमाई) को प्रतिमा बनाउन थालिएको छ । हुन त दोस्रो शताब्दीको मानिने षष्ठीदेवीको मूर्तित काठमाडौँ उपत्यकाको हाँडीगाउँमा छ । अर्कोतर्फ उत्खन्नको क्रममा अन्य मूर्तिसँगै सूर्य र षष्ठीदेवीका सिमरौनगढकालीन मूर्ति मधेशको विभिन्न ठाउँमा e]6Ps f 5g\. –*गोरखापत्र*

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

**जनहितमा जारी सन्देश**

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# ६ महिनामै बन्नुपर्ने बाटो ३ वर्ष सम्म पनि बनेन

नमस्ते समचारदाता
दाङ, कार्तिक/२२



दाङको जिल्ला प्रशासन कार्यालय देखि सहिद गेट हुँदै नेपाल बैंक पुग्ने सडक अहिले पिच भएर चिल्लो हुनुपर्ने हो । तर घोराही उपमहानगर पालिकाको भवन देखि जिल्लाको प्रशासन कार्यालय समेत रहेको सडक धुलाम्य छ। २०७८ असार ३१ गतेसम्म पिच हुनुपर्ने सडक तीन वर्षदेखि कालोपत्रे उप्किएको तथा बिग्रिएको अवस्थामा छ । घोराही उपमहानगरपालिकाको कार्यालय गेट अगाडिको १२ सय ४४ मिटर सडक तीन वर्षदेखि अलपत्र अवस्थामा छ। २०७७ माघ ८ मा वेस्टर्न डेभलपमेन्ट कन्स्ट्रक्सन प्रालिसँग ६ महिनाभित्रै काम सक्ने गरी भएको खरिद सम्झौता अनुसार काम भएन । घोराही उपमहानगरपालिका सँगै सरकारी कार्यालयहरु अगाडिकै सडक कालोपत्रे हुन नसक्दा आवत जावतमा समस्या मात्रै भएको छैन, स्थानीय सरकारसँगै संघीय र प्रदेशका सरकारी कार्यालयलाई समेत बिग्रिएको सडकले गिज्याइरहेको छ। एक करोड १५ लाख ३४ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको उक्त ठेक्कामा सहिद गेट देखि नेपाल बैंकसम्म र सहिद गेट देखि जिल्ला समन्वय समिति सम्म पिच भए पनि बाँकी क्षेत्र पिच गर्न बाँकी छ। हालसम्म सडक निर्माणका लागि तीन पटक गरेर ५३ लाख रुपैयाँ भुक्तानी समेत भएको छ । समयमा काम नगरेकाले उपमहानगरपालिकाले ११ लाख ५३ हजार रुपैयाँ जरिवाना समेत गरेको छ। सडक निर्माणका लागि म्याद थपेर पटक-पटक ताकेता गरे पनि काम नभएका कारण जरिवाना गरिएको घोराही उपमहानगरपालिकाका इन्जिनियर सन्दीप घिमिरेले बताउछन्। उनले म्याद थप्ने काम बन्द भइसके पनि २०८१ पुस मसान्त सम्मलाई काम गर्ने मौखिक समय दिइएको बताए । घिमिरेले भने, 'नगरपालिकाकाकै अगाडिको सडक अलपत्र भइरहेको भन्दै पटक-पटक ताकेता गर्दा पनि काम नभएपछि एलडी लगाइयो र पुस मसान्तसम्म सक्न भनेका छौं । तिहार लगत्तै काम गर्छु भनेका हुन् काम भएन भने ठेक्का तोड्नुको विकल्पै छैन ।' घोराही उपमहानगर पालिकाका अनुसार धरौटी वापतको १० लाख २० हजार रुपैयाँ र मोभिलाईजेशन पेश्की छ लाख रुपैयाँ जफत गर्ने तयारी पनि गरिएको छ। धरौटी जफतका लागि घोराही उपमहानगरपालिकाले नविल बैंकको घोराही शाखालाई तीन पटक पत्र समेत काटेको छ । २०८० सालमा पहिलो पटक र २०८१ वैशाख २४ गते दोस्रो र जेठ ३० गते तेस्रो पटक पत्र काटेर रकम नगरपालिकाको खातामा जम्मा गर्न भने पनि रकम जम्मा नभएको घिमिरेले जानकारी दिए । 'हामीले तीन पटक नविल बैंकलाई पत्र काटेर धरौटी रकम जम्मा गर्न भने पनि जम्मा भएको छैन । राष्ट्र बैंकलाई समेत उक्त कुरा जानकारी गराएर जेठ ३० गते पत्र पठाएका छौं।' घिमिरेले भने। वेस्टर्न डेभलपमेन्ट कन्स्ट्रक्सन प्रालिले ठेक्का हात पारेको सात सय ७७ मिटर पिच गर्नुपर्ने अर्को ठेक्काको पनि विजोग भएको छ। घोराही उपमहानगरपालिकाकै सौंरी थारूगाउँ सडक अन्तर्गत मानबहादुरको मिलदेखि शंकर गौतमको घरसम्मको करिब दुई सय ६४ मिटर सडक पनि पिच भएको छैन। ७५ देखि ८० प्रतिशत काम भएको उक्त सडकमा भरतपुर पानी टंकी नजिकमा पिच मात्रै गर्न बाँकी रहेको इन्जिनियर घिमिरेले जानकारी दिए। २०७९ असार ३० गतेसम्म सडक निर्माणसँगै कालोपत्रे गर्ने गरी २०७८ वैशाख ५ गते ठेक्का सम्झौता भएको सडकको म्याद सकिएपछि २०८० जेठ २५ गतेसम्मका लागि म्याद थप समेत गरिएको थियो । ७१ लाख ३२ हजार चार सय २० रुपैयाँको उक्त ठेक्कामा समयमै काम सम्पन्न गर्न उपमहानगर पालिकाले ताकेता गर्दा पनि निर्माण कम्पनीले बेवास्ता गर्दै आएको इन्जिनियर घिमिरेको भनाइ छ। म्याद थपेर पटक-पटक ताकेता गर्दा पनि काम नभएपछि उपमहानगरपालिकाले सात लाख १३ हजार दुई सय ४२ रुपैयाँ जरिवाना (एलडी) समेत गरेको छ । निर्माण कम्पनीले हालसम्म चार पटक गरेर ५१ लाख रुपैयाँ भुक्तानी लगिसकेको छ भने उपमहानगरपालिकाले धरौटी जफतका लागि नविल बैंकको घोराही शाखालाई तीन पटक पत्र समेत काटेको छ। राष्ट्र बैंकलाई समेत जानकारी गराए पनि धरौटी वापतको १० लाख १५ हजार रुपैयाँ र मोभिलाईजेशन पेश्की तीन लाख १४ हजार रुपैयाँ नगरपालिकाको खातामा अझै जम्मा नभएको इन्जिनियर घिमिरेले जानकारी गराए। निर्माण व्यवसायी कृष्ण वलीले भने आर्थिक व्यवस्थापन गरिरहेको उल्लेख गर्दै आगामी पुस मसान्तसम्म ठेक्काको काम सम्पन्न गर्ने बताउदै आएका छन्।

# बालिकाको मृत्यु हुँदा तीन चिकित्सक नियन्त्रणमा

नमस्ते समचारदाता
डोटी, कार्तिक/२२




डोटीको दिपायल सिलगढी नगरपालिका-४ राजपुरमा रहेको सुजङ्ग अस्पतालमा हात भाँचिएकी बालिकाको उपचार गर्ने क्रममा ज्यान गएको छ । उपचारका क्रममा लापरबाही गरेको आरोपमा प्रहरीले तीन जना चिकित्सकलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ। जिल्ला प्रहरी कार्यालय डोटीले उपलब्ध गराएको सूचनाअनुसार दिपायल सिलगढी नगरपालिका-३ दिपायलका लोकेन्द्र भुलकी नौ वर्षीया छोरी रजनी भुलको पौडी खेल्ने क्रममा लडेर बायाँ हात भाँच्चिई उपचारका लागि सुजङ्ग अस्पतालमा भर्ना गरिएकोमा बुधवार साँझ उप्रेसन गर्ने क्रममा औषधीको रियाक्सनले मृत्यु भएको हो । अप्रेसन थिएटरमा राखेर बेहोस बनाउने क्रममा औषधीको रियाक्सनले बालिकाको ज्यान गएको बताइएको छ। उपचारका क्रममा चरम लापरबाही भएको आरोपमा अस्पतालमा कार्यरत चिकित्सकहरू डा. राजमणि यादव, डा. सुरेन्द्रकुमार चौधरी र डा. अविशेक यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ। उपचारका क्रममा बालिकाको ज्यान गएको सुजङ्ग अस्पतालका प्रमुख अर्जुन बलायरले बताउनुभयो ।

# ठूलो केदार मेला प्रारम्भ



नमस्ते समचारदाता
अछाम, कार्तिक/२२

लगातार दश दिनसम्म चल्ने अछामको सबैभन्दा ठुलो केदारनाथ मेला यस वर्ष प्रारम्भ भएको छ। केदारनाथ देवताको पूजाआजासहित कार्तिक शुक्ल पञ्चमीदेखि चर्तुदशीसम्म मेला लाग्ने गर्छ। 'जामाको जात्रा' नामले प्रख्यात उक्त मेलामा देउताको पूजाआजा र धामीको नाच, डेउडा खेलसँगै मेला लाग्ने गर्दछ। कमलबजार नगरपालिका -७ जामा गाउँमा लगातार १० दिनसम्म केदारनाथ र छडाल देवताले धेवर लगाई त्रयोदशीका दिन 'खला नाच्ने' परम्परा रहेको पुजारी खगेन्द्र उपाध्यायको भनाइ छ । "नवौं दिनका दिन तीन तले ठुला घरबाट छडाल देवताले पानी खाने र बाघ बिरालो हुने गरिन्छ।" उपाध्यायले भन्नुभयो। केदार मेलाको अन्तिम दिन अर्थात् चतुर्दशीको दिन आठ-दश धामी घण्टौंसम्म नाच्ने र राति यस क्षेत्रकै ठुलो र अन्तिम जात्रा हुने गरेको स्थानीय महेन्द्र खतिवडाको भनाइ छ । त्यसअघिका आठ दिनमा हरेक दिन देउता काम्ने, पूजाआजा गर्ने र बेलुकी डेउढा समेत खेल्ने प्रचलन रहेको स्थानीय भीम खतिवडाले जानकारी दिनुभयो । तिथिको घटबढको कारण यस वर्ष कार्तिक २८ गते खला नाच्ने र २९ गते केदार माडुमा ह्युम गरिने बताइएको छ । छडाल देवताको पूजा भने ३० गते पूर्णिमाको दिन हुने भएको छ । डोटेली संस्कृतिमा आधारित देवता नाचका लागि छिमेकी जिल्ला डोटी, सुर्खेत, दैलेख र कैलाली समेतबाट दर्शनार्थीहरु आउने गरेको अर्का स्थानीय भीम खतिवडाले बताउनुभयो । केदार नाथ देवताको दर्शन र पूजापाठ गर्दा सन्तान, अन्न र पशुलाभ हुने धार्मिक विश्वास रहेको छ । केदारको मेलाका लागि जिल्ला बाहिर बसाइ रहेका स्थानीय पनि फर्केका छन् । पशु बलि नदिइने यस मेलामा दुध र घ्युको मात्र प्रसाद ग्रहण गर्ने गरिन्छ । प्राकृतिक रूपमा पनि उक्त स्थान सुन्दर भएकाले धेरैको रोजाइमा उक्त मेला पर्ने गरेको स्थानीय भीम खतिवडाको भनाइ रहेको छ । सडक पहुँचमा रहेको उक्त स्थानमा पछिल्लो समय देउता पुज्ने, दर्शन गर्न र मेला हेर्नका संख्यामा हरेक वर्ष वृद्धि भइरहेको बताइएको छ ।

# १४ वर्षिय बालिकालाई करणी गरेको आरोपमा चन्द पक्राउ

नमस्ते समचारदाता
कोहलपुर, कार्तिक/२२



कोहलपुर नगरपालिका-२ मा रहेको सेन्चुरी एजुकेशनल एकेडेमीका संस्थापक लोकेन्द्र चन्द १४ वर्षिय बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेमा पिडित बालिकाले उजुरी दिएपछि चन्दलाई जिप्रकाले पक्राउ गरेको हो । चन्दले कोहलपुर नगरपालिका-११ मा निडेक टेक्निकल कलेज समेत सञ्चालन गरेका छन् । चन्दलाई जिप्रकाको हिरासतमा राखेर अनुसन्धान गरिरहेको प्रहरी जनाएको छ । चन्दले नेपालगञ्जको कुनै एक होटलमा लिएर जबरजस्ती करणी गरेको प्रहरीले जनाएको छ। बालिका करिब १४ वर्षको रहेको जिप्रका सूचना अधिकारीले जानकारी दिएका छन् ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

गाउँपालिका द्वारा जारी सन्देश
१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
सर्केगाड गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके